उत्तरगया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः१२ मितिः२०८०/१०/२५

## भाग-२

## <u>रैथाने तथा मसला बालि प्रवर्द्धन अनुदान कार्यविधि,२०८०</u>

**प्रस्तावना**

परम्पराकाल देखिनै लगाइदै आएका स्थानीय बालीहरुलाई मुख्य बाली प्रणालीमा आवद्ध गरी कृषकको आम्दानी बृद्धि गर्नका साथै स्थानीय रैथाने बालीहरूको संरक्षण र सम्वर्द्धन गरी खाद्य सुरक्षा एवं जैविक विविधता संरक्षणमा सहयोग पुर्याउन उत्तरगया

गाउँपालिकाको आ.ब. २०८०।८१ को वार्षिक बजेटमा समावेश भएको रैथाने बाली प्रबर्दन अनुदान कार्यक्रम संचालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई कार्यक्रम संचालन गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाँउ कार्यपालिकाले देहायको कार्यविधि मिति २०८०।१०।४ मा जारी गरेको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

### १. <u>संक्षिप्त नाम र प्रारम्भ</u>

क) यस कार्यविधिको नाम रैथाने बाली प्रबर्दन अनुदान कार्यक्रम रहेको छ ।

ख) यो कार्यविधि उत्तरगया गाउँपालिकाबाट स्वीकृत भएपछि तुरून्त लागू हुनेछ ।

ग) यो कार्यविधि उत्तरगया गाउँपालिका भर लागू हुनेछ ।

### २. <u>परिभाषा</u>

क) "कार्यक्रम" भन्नाले स्थानीय वा रैथाने बाली प्रवद्र्धन कार्यक्रम भन्ने सम्झनु पर्दछ ।

ख) "स्थानीय वा रैथाने बाली" भन्नाले कोदो, फापर, उवा, कागुनो, चिनो, जौ, जुनेलो, सिमि ,आलस, लट्टे बाली भन्ने सम्झनु पर्दछ ।

ग) "आवेदक" भन्नाले यस कार्यविधि अनुरुप स्थानीय वाली संरक्षण तथा प्रवद्र्धन कार्यक्रम संचालन गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैक व्यवस्थापन समिति, कृषि उद्नमी तथा व्यवसायीहरुलाई सम्झनु पर्दछ।

घ) "कृषक समूह" भन्नाले स्थानीय तहमा दर्ता भई कृषि तथा पशुपंछी पालन सम्बन्धी कर्म गर्ने किसानहरुको समुहलाई सम्झनु पर्छ ।

ङ) "कृषि सहकारी" भन्नाले सहकारी ऐन अन्तरगत स्थानीय तहमा दर्ता भई कृषि तथा पशुपंक्षि व्यवसाय गर्ने उद्देश्य राखि दर्ता भएको सहकारी संस्थालाई सम्झनु पर्छ ।

**३. <u>कार्यक्रम संचालनको उद्धेश्य</u>**

यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्धेश्य देहाय बमोजिम हुनेछ ।

क) स्थानीय वा रैथाने जातका बालीहरुको उन्नत खेती प्रविधि विस्तार गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने।

ख) स्थानीय वा रैथाने जातका बालीहरुको व्यवसायिक उत्पादन, विविधिकरण र बजारीकरणमा सहयोग पुर्याई त्यस खाले बाली लगाउने कृषकहरुको आयस्तरमा सुधार ल्याउनु ।

ग) लोप हुन लागेका स्थानीय वा रैथाने बालीहरुको स्वस्थानीय (in-situ) र परस्थानीय (ex-situ) संरक्षणमा सघाउ पुर्याउनु ।

## परिच्छेद २

## कार्यक्रम संचालन अवधारणा

४. स्थानीय वा रैथाने बाली प्रवद्र्धनका लागि उत्पादन पूर्व अवस्थादेखि उपभोगसम्ममा पुग्दा आवश्यक हुने विभिन्न चरणहरु (उत्पादन सामग्री आपूर्ती, उत्पादन, प्रशोधन, बजारीकरण तथा उपभोग आदि) मा सहजिकरण गर्ने गरी पूर्ण मूल्य श्रृंखला अवधारणामा (Complete Value Chain Approach) आधारित रही कार्यक्रम संचालन गरिनेछ। यस कार्यक्रम देहायका सम्भागहरुमा केन्द्रित रही संचालन गरिनेछ ।

क) सचेतना वृद्धि (Awareness Creation)

ख) उत्पादन सामाग्री आपूर्ती तथा प्रविधि (Input supply and Technology)

ग) उत्पादनमा विविधकरण (Product diversification)

घ) बजारीकरण सहयोग (Marketing support )

ङ) जैविक विविधता संरक्षण तथा अभिलेखीकरण (Conservation and documentation)

**५. अनुदान कार्यक्रम सन्चालन प्रक्रिया**

(१) यो कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिका भित्रका कृषकबाट रैथानेबालीको तथ्यांक सकंलन गर्नु पर्नेछ । तथ्यांक संकलन अनुसुची २ बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कृषकहरु गाउँपालिकाबाट सञ्चालन भएका साझेदारि कार्यक्रममा निर्मित मुल वा उपहार समुहमा अनिवार्य सदस्य हुनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सबै वडाका समुहबाट आएको तथ्यांकबाट समुह वा सहकारीका

सदस्य कृषकबाट बिक्रि गरिने परिमाण एकीन गरि विधालय र चमेनागृहमा रैथानेबाली खरिदको लागी एकीन स्रोत प्रदान गरिनेछ ।

(४) उपदफा १, २ र ३ बमोजिम रैथानेबाली खरिदविक्रीको लागी न्युनतम समर्थन मुल्य निर्धारण गरिनेछ ।

(५) उपदफा ४ बमोजिम विक्री गरेको रैथानेबालीमा प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

(६) गाउँपालिकामा सन्चालन भइरहेको चमेनागृह र गाउँपालिका क्षेत्र भित्रका सामुदायीक संस्था र विद्यालयमा दिवा खाजाको लागी हप्तामा दुई दिन रैथाने बालिका परिकार अनिवार्य गराइनेछ ।

## ६. <u>न्यूनतम समर्थन मुल्य</u>

(१) आ व २०८०।८१ को लागी देहायबमोजिम न्यूनतम समर्थन मुल्य तोकिनेछ र प्रत्यक आ.व का लागी अगिल्लो आ.व को १० प्रतिशत थप गरिनेछ ।

| रैथाने वाली | प्रति केजी समर्थन मुल्य रु. |
|---|---|
| | |
| कोदो | ६० |
| | |
| फापर | १०० |
| | |
| जुनेलो | १०० |
| | |
| स्थानिय सिमि | १७५ |

## ७. कृषकहरुलाइ प्रोत्साहन अनुदान प्राप्त गर्नको लागि

(१) गाउँपालिका भित्र उत्पादन भई साझेदारि कार्यक्रमको समुह मार्फत बिक्री गरिएको रैथानेबालीका खरिदविक्री भएको विल भरपाइको आधारमा किसानलाइ आ व २०८०।८१ मा कोदो, सिमीको प्रति केजी रु १० र फापर, जुनेलोको प्रति केजी रु १५ प्रोत्साहन प्रदान गरिनेछ ।

(२) गाउँपालिकाले समय समयमा कृषकको अनुगमन र निरिक्षण गर्न सक्नेछ । झुठ्ठा विवरण राख्ने र पेश गर्ने अभिलेखको आधारमा अनुदान वितरण गरिने छैन ।

(३) अनुदान उपलब्ध गराउँदा कृषकले पेश गरेको निबेदन र कृषि प्राविधिक वा सामुदायिक सहजकर्ताको अभिलेखीकरणको आधारमा गाउँपालिकाले कृषकको बैंक खातामा नगद अनुदान रकम भुक्तानी गर्नेछ ।

## ८. स्थानीय वा रैथाने बालीको विविधता संरक्षण

१) जैविक विविधता संरक्षणको लागि स्थानीय वा रैथाने बालीका स्थानीय जातहरु संकलन गरी गाउँपालिकाका विभिन्न समुहभित्र उपहार स्वरुप वितरण गरि रैथाने बालीको क्षेत्र विस्तार गरिनेछ ।

२) लोप भएका वा लोपन्मुख रैथाने बालीको गाउँपालिकाले विउ खरिद गरि कृषक समुहलाइ वितरण गर्न सक्नेछ ।

## परिच्छेद ३

## विविध

### ९. कारबाहीको व्यवस्था

क) यस कार्यविधि अनुरुप काम नगर्ने अनुदानग्राहीलाई कार्यक्रम संचालन गर्ने कार्यालयले अनुदान सहयोग रोक्का गर्न सक्नेछ ।

### १०. बाधा अड्चन र निरुपण

यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण गाउँ कार्यपालिकाले गर्नेछ ।

### ११. संशोधन

यस कार्यविधिमा कुनै प्रकारको संशोधन गर्न परेमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

### १२. प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम तथा अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछन्।

## अनुसुची १

## कार्यक्रमका सम्भागहरु

(क) सचेतना अभिवृद्धि (Awareness Creation)

- स्थानीय तथा राष्ट्रिय स्तरका विद्युतीय तथा छापा संचार माध्यम मार्फत् प्रचार प्रसार गर्ने (एफ एम बाट जानकारी मूलक सन्देश, भिडियो वृतचित्र निर्माण तथा प्रशारण, होरिङग बोर्ड, पर्चा/पम्प्लेट/बुकलेट तयारी तथा प्रकाशन, मेला महोत्सवमा प्रदर्शन आदि)

- सुचना तथा सन्देश प्रसारण

- कार्यक्रमबारे छलफल गर्न सरोकारवाला निकायहरु बीच अभिमूखीकरण गोष्ठी

(ख) उत्पादन सामाग्री आपूर्ती तथा प्रविधि (Input Supply and Technology)

- रैथाने बाली उन्नत खेती प्रविधि बारे समुहहरुमा अभिमूखीकरण

- रैथाने बालीका स्थानीय तथा उन्नत जातका बीउ निशुल्क वितरण

- ८५ प्रतिशत अनुदानमा थ्रेसिङ मेसिन उपलब्ध गराउने

(ग) उत्पादन विविधकरण (Product diversification)

- रैथाने बालीको प्याकेजिङ र लेवलिङगमा शत प्रतिशत अनुदान सहयोग

- उत्पादन विविधिकरणका लागि आवस्यक पर्ने ओभन लगायतका उपकरणमा ८५ प्रतिशत अनुदान सहयोग

(घ) बजारीकरण सहयोग (Marketing support)

- रैथाने बालीका उत्पादन विक्रीका लागी विद्यालय र गाउँपालिका चमेनागृहमा अनिवार्य गराउने।

- खाद्य मेला, प्रांगारिक कृषि मेला लगायतका राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय स्तरका मेला महोत्सवमा सहभागी भई रैथाने बालीका उत्पादनहरुको बिक्री वितरणका लागि सहयोग कार्यक्रम

- स्थानीय वालीहरुको परिकार महोत्सव संचालन सहयोग लगायत अन्य आबश्यक कार्यक्रमहरु संचालन गर्न सकिने ।

(ङ) जैविक विविधता संरक्षण तथा अभिलेखीकरण (Conservation and documentation)

- रैथानै बालीको तथ्यांक संकलन तथा अद्यावधिक गरी प्रोफायल प्रकाशन
- रैथाने बाली प्रवर्द्धन तथा अभिलेखिकरण गाउँपालिका स्तरको गोष्ठी
- सामुदायिक बिउ बैंक स्थापना र संचालन सहयोग

## अनुसुची २

## रैथाने बाली तथ्यांक फारम

किसानको नाम

ठेगाना

टोलको नाम

आवद्ध कृषक समुहको नाम

| रैथाने बालीको नाम | लगाएको क्षेत्रफल | उत्पादित परिमाण | विक्रि गर्न सक्ने परिमाण | कैफियत |
|---|---|---|---|---|

**आज्ञाले**

**दिपक प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**